# बडीकेदार गाँउपालिकाको आर्थिक ऐन, २०८२

गाउँसभाबाट स्वीकृत मितिः २०८२/ ३ / १०

बडीकेदार गाउँपालिका

खड्यौली, डोटी

सुदूरपश्चिम प्रदेश, नेपाल

CS CamScanner

गाउँसभा बाट स्वीकृत मितिः- २०८२/०३/१०

प्रस्तावनाः

बडीकेदार गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बडीकेदार गाउँपालिकाकों गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि बडीकेदार गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पति कर (घर कर) (११३१३)** कुनै व्यक्ति वा संस्थाको एकिकृत रुपमा मूल्याङ्कन गरिएका सम्पति (जग्गा, घर तथा अन्य) मा गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

**३.भूमीकरः (मालपोत) (११३१४)** गाउँपालिका क्षेत्रभित्रको जग्गामा उपयोगको आधारमा अनुसूचि (२)बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४.घर जग्गा वहाल करः (११३२१)** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै /आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

**५.व्यवसाय करः** (१४२५३) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६.विज्ञापन करः** (३३३४३) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । विज्ञापन कर प्रदेश कानुनले तोके बमोजिम हुनेछ ।

**७.मनोरञ्जन करः (३३३४२)**गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**८.वहाल विटौरी शुल्कः (११३२२)**गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेकाहाट बजार वा पसलमा गाउँ कार्यपालिकाको निर्णय अनुसार अनुसूचि (७) बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**९.पार्किङ शुल्कः** (१४२४१) गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१०.सेवा शुल्क, दस्तुरः (१४२४३)** गाउँपालिकामानिर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११.सवारी साधन करः (११४५१)** यस गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुनेटाँगा, रिक्सा, अटो रिक्सा जस्ता सवारी साधनमा अनुसूचि १० बमोजिम कर लगाईने र असुल उपर गरिने छ ।

**१२.प्राकृतिक स्रोत करः** प्रदेश सरकारले तोके बमोजिम बडीकेदार गाउँपालिकाले प्राकृतिक स्रोत अनुसूचि ११ बमोजिम कर संकलन गर्नेछ र कर संकलनको ४० प्रतिशतले हुन आउने रकम प्रदेश सरकारको संचित कोषमा जम्मा गरिनेछ।



अध्यक्ष

CamScanner

**१३.कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१४.कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

**१५.ऐलानी प्रति जग्गा तथा घर सम्बन्धी करः** ऐलानी प्रति जग्गा तथा घरमा निर्माण हुने तथा भई सकेका घर तथा जग्गाको सवालमा आवश्यक कार्यविधि बनाई निश्चित मापदण्डको आधारमा कर निर्धारण गर्न गाउँ कार्यपालिका लाई अधिकार प्रत्यायोजन गरिनेछ ।

**१६.कार्यपालिकाले तोके बमोजिम हुनेः** यस ऐनमा नपरेका तर पछी कायम गर्नु पर्ने करका दर, राजस्व छुट सम्बन्धी व्यवस्था र कर असुलि सम्बन्धमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

## अनुसूची – १

## सम्पति कर (घर कर)

१. कच्चि घर

अ) १ तले घर रु ३०

आ) २ तले घर रु ५०

इ) ३ वा सो भन्दा माथी प्रति तला रु ७५ का दरले थपिदै जानेछ ।

२. पक्कि घरः(टिनको छाना वा सिलेटको छाना जडीत)

अ) १ तले घर रु ५०

आ) २ तले घर रु १००

इ) ३ वा सो भन्दा माथी प्रति तला १५० का दरले थपिदै जानेछ ।

ई) लेण्टर सहितको घर भुई तले रु २०० र सो भन्दा माथि प्रति तला रु १५० का दरले थपिदै जानेछ ।

## अनुसूची-२

## मालपोत (भूमीकर)

न्युनतम देखि १० रोपनी सम्म प्रति रोपनी रु १०

१० देखि ३० रोपनी सम्म प्रति रोपनी रु १५

३० रोपनि भन्दा माथी प्रति रोपनी रु २०

विलम्ब दस्तुर प्रति वर्ष १० प्रतिशत थप चालु आ. व. को आर्थिक ऐनलाई आधार मानेर लिईने (कुल विलम्ब रकमको)

कार्तिक मसान्त सम्म बुझायमा १०% छुट

चैत्र मसान्त सम्म बुझाएमा ५% छुट

चैत्र देखिअषाढ मसान्त सम्म बुझाएमा पुरै तिर्नुपर्नेछ ।



भैरव बहादुर साउँद
अध्यक्ष

नोटः भूमि तथा मालपोत कर असुलि गर्दा जग्गाधनि प्रमाण पुर्जाको आली काल्ला सहितको क्षेत्रफलको कर लगाईने रहाल सम्म कर तिरेको कुनै प्रमाण नभएका जग्गा धनीहरुबाटआ व २०७४/०७५ बाट चालु आ.व. को मालपोत कर लाई आधार मानी बक्यौता र जरिवाना सहित मालपोत संकलन गरिनेछ ।

## अनुसूची-३

### घर, जग्गा वहाल करः

क) आफ्नो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना जग्गा वा पोखरी पूरै वा आंसिक रुपमा वहालमा दिएमा सम्बन्धित धनीबाट वहाल रकमको १० प्रतिशत घर वा जग्गा वहाल कर लिने ।
ख) उपभोक्ता समितिले इक्जाभेटर, जिप, टेक्टर, जे.सि.बि. प्रयोग गरे बाफत कुल रकमको १० प्रतिशत वहाल कर लिईने छ ।

## अनुसूची-४

### व्यवसाय कर

व्यवसाय दर्ता कर निम्नअनुसार लिइनेछ ।

| सि.न. | व्यवसायको विवरण | श्रेणी बर्गिकरण पूँजी लंगानीको आधारमा | | |
|---|---|---|---|---|
| | | क वर्ग(रु १५,००,००० भन्दा माथि) | ख वर्ग (रु ५,००,००१ देखि १५,००,०००।सम्म) | ग वर्ग (रु १ देखि ५,००,०००। सम्म) |
| १ | होटेल/लज/रेष्टुरेन्ट<br>➢ पाँच कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटल (क)<br>➢ साधारण खाना नास्ता लज भएको (ख)<br>➢ रेष्टुरेन्ट मात्र भएको (ग)<br>➢ १० कोठा भन्दा माथी कोठा भई एसि भएको होटल रेष्टुरेन्ट रु ७०००। | ३००० | २००० | १००० |
| २ | मासु पसल<br>➢ रागाको समेत सबै प्रकारका मासु/माछा बेच्नेलाई (क)<br>➢ खसि,कुखुरा तथा माछा बेच्नेलाई (ख) | १००० | ८०० | ५०० |
| ३ | मदिरा पसल<br>➢ ईजाजत प्राप्त थोक मदिरा बिक्रेता (क)<br>➢ ईजाजत प्राप्त खुद्रा मदिरा वक्रेता (ख)<br>➢ ईजाजत प्राप्त बिर्को खोलि मदिराबिक्रेता (ग) | २०००० | १०००० | ३००० |
| ४ | कोल्ड डिलक्स पसल | १००० | ५०० | |

भैरव बहादुर साउँद
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | ➢ थोक पसल (क)<br>➢ खुद्रा पसल (ख) | | | |
| ५ | सुन चाँदी गहना पसल | २००० | १५०० | १००० |
| ६ | रेडीयो/मोबाईल विक्री तथा मर्मत | १००० | ८०० | ५०० |
| ७ | सञ्चार सेवा<br>➢ निजि क्षेत्रका हुलाक तथा कुरियर सेवा (क)<br>➢ टेलिफोन, फ्याक्स, इमेल इन्टरनेट सेवा (ख) | १००० | ५०० | |
| ८ | घडी बिक्री तथा मर्मत | ५०० | | |
| ९ | १०० मेगावाट सम्मको एफ. एम. सञ्चालन | २५०० | | |
| १० | फोटो स्टुडीयो<br>➢ कलर ल्याव सहितको फोटो स्टुडियो (क)<br>➢ फोटो स्टुडीयो (ख) | १००० | ५०० | |
| ११ | हजाम<br>➢ ४ कुर्सि वा सो भन्दा बढी भएको (क)<br>➢ ३ कुर्सि सम्म भएको (ख) | ८०० | ५०० | |
| १२ | टेलरिङ<br>➢ ४ मेसिन वा सो भन्दा बढी मेसिन राखी सिलाई कटाइ सञ्चालन भएको (क)<br>➢ १ देखि ३ मेसिन राखी सिलाई कटाइ सञ्चालन भएको (ख) | १००० | ५०० | |
| १३ | जुत्ता पसल<br>➢ जुत्ता सिलाई सहित बेच्नेलाई (क)<br>➢ जुत्ता पसल (ख) | १५०० | १००० | |
| १४ | मोटर वर्कसप<br>➢ गाडीको वडी बनाउने,मर्मत तथा पार्टस बेच्ने/मोटर साइकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने (क)<br>➢ मोटर साईकल मात्र मर्मत गर्नेलाई (ख) | २००० | १५०० | |
| १५ | स्वास्थ्य सेवा<br>➢ गैर सरकारी अस्पताल/नर्सिङ होम (क)<br>➢ पोलिक्लिनिक तथा थोक मेडीकल (ख)<br>➢ मेडिकल (ग) | ५००० | ४००० | २००० |
| १६ | मेटल वर्कसप | १५०० | | |
| १७ | काष्ठ उद्योग<br>➢ ठुलो मेसिन सहित काठका विभिन्न प्रकारका सामाग्री तयार गर्ने (क)<br>➢ सामान्य झ्याल ढोका बनाउने काष्ठ उद्योग (ख) | २५०० | १५०० | |



भैरव बहादुर साउँद
अध्यक्ष

CamScanner

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडबौली, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १८ | ईटा भट्टा इटा डीपो<br>➢ इटा भट्टा (क)<br>➢ इटा डीपो तथा इन्टर लकिङ उद्योग (ख) | २५०० | १५०० | |
| १९ | छापा खाना<br>➢ अफसेट प्रेस (क)<br>➢ साधारण प्रेस (ख) | १५०० | १००० | |
| २० | कम्प्युटर इन्ष्टिच्युट | १००० | | |
| २१ | दाउरा डीपो | १००० | | |
| २२ | बेकरी उद्योग र बेकरी पसल<br>➢ बेकरी उद्योग (क)<br>➢ बेकरी पसलाई (ख) | १५०० | १००० | |
| २३ | तरकारी तथा फलफुल पसल | १००० | | |
| २४ | चिया पसल | ५०० | | |
| २५ | मिलहरु<br>➢ १० हर्ज पावर भन्दा माथीको क्षमताको मिल (क)<br>➢ १० हर्ज पावर भन्दा कम क्षमताको मिल (ख) | २५०० | १५०० | |
| २६ | डिलर एजेन्सि अधिकृत विक्रेता | ५००० | | |
| २७ | साईल बिक्रि तथा मर्मत | १००० | | |
| २८ | ठेकेदार<br>➢ नेपाल सरकारको ईजाजत प्राप्त क वर्गको ठेकेदार (क)<br>➢ नेपाल सरकारको ईजाजत प्राप्त ख वर्गको ठेकेदार (ख)<br>➢ नेपाल सरकारको ईजाजत प्राप्त ग वर्गको ठेकेदार (ग)<br>➢ नेपाल सरकारको इजाजत प्राप्त घ वर्गको ठेकेदार रु १००००। | ३०००० | २०००० | १८००० |
| २९ | थान कपडा रेडीमेड कपडा तथा भाँडा कुडा पसल<br>➢ थोक विक्रेता (क)<br>➢ खुद्रा बिक्रेता (ख) | २००० | १००० | |
| ३० | दैनिक खाद्य तथा किराना पसल<br>➢ थोक किराना पसल (क)<br>➢ खुद्रा किराना पसल (ख) | २००० | १००० | |
| ३१ | श्रंगार पसल<br>➢ थोक श्रंगार पसल (क)<br>➢ खुद्रा श्रंगार पसल (ख) | १५०० | १००० | |



भैरव बहादुर साउँद
अध्यक्ष

CamScanner

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडबौली, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ३२ | कालिज तथा कुखुरा पालन<br>➢ पाँच सय भन्दा बढी कुखुरा पालन भएको (क)<br>➢ पाँच सय भन्दा कम कुखुरा पालन भएको (ख) | २००० | १००० | |
| ३३ | तयार पोशाक (फेन्सी पसल) | १००० | | |
| ३४ | हार्डवेयर पसल | २००० | | |
| ३५ | इलेक्ट्रोनिक्स पसल | १००० | | |
| ३६ | आर्टस तथा पेन्टिङ पसल | १००० | | |
| ३७ | फ़र्निचर एण्ड फर्निसिङ पसल | २००० | | |
| ३८ | स्टेशनरी पसल | १००० | | |
| ३९ | पेट्रोल पम्प | १०००० | | |
| ४० | जडीबुटि खरिद बिक्रि पसल | २००० | | |
| ४१ | लेखा परिक्षण सूचिकरण | १००० | | |
| ४२ | अन्य उद्योग<br>➢ ३० लाख भन्दा बढी लगानी भएको (क)<br>➢ ३० लाख भन्दा कम लगानी भएको (ख) | १०००० | ५००० | |
| ४३ | पशु बधशाला | १५०० | | |
| ४४ | अन्तराष्ट्रिय गैर सरकारी संस्था (शाखा कार्यालय समेत) | १०००० | | |
| ४५ | वित्तिय सेवा<br>➢ नेपाल सरकारको पूर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोबार गर्ने क वर्गको बैंक (क)<br>➢ नेपाल सरकारको पूर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोबार गर्ने ख वर्गको बैंक (ख)<br>➢ ऋण तथा बचत सहकारी (ग)<br>➢ वित्तिय कारोबार गर्ने सहकारी रु २५०० | १५००० | १०००० | ५००० |
| ४६ | निजि स्कुल<br>➢ १ कक्षा देखी १० कक्षा सम्म सञ्चालन गर्ने (क)<br>➢ १ कक्षा देखी ८ कक्षा सम्म सञ्चालन गर्ने (ख)<br>➢ १ कक्षा देखी ५ कक्षा सम्म सञ्चालन गर्ने (ग) | १०००० | ७००० | ५००० |
| ४७ | चस्मा पसल<br>➢ थोक (क) | १५०० | १००० | |



भैरव बहादुर साउँद
**अध्यक्ष**

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | ➢ खुद्रा (ख) | | | |
| ४८ | शिलाई मेशिन बिक्रि तथा मर्मत गर्ने पसल | १००० | | |
| ४९ | रेफ्रीजेनेटर मर्मत | १००० | | |
| ५० | दुग्ध डीपो/ पसल | १००० | | |
| ५१ | ब्युटी पार्लर | १००० | | |
| ५२ | सप्लायर्स | १५०० | | |
| ५३ | [illegible]फोन वा इन्टरनेट टावर राखी संचार सेवा उपलब्ध गराउने संस्थालाई | ३०००० | | |
| ५४ | बित्तिय कारोवार बाहेक अन्य कारोबार गर्ने सहकारी संस्था | १५०० | | |
| ५५ | कृषि सामाग्रीको पसल/भेटेरीनरी पसल | १००० | | |
| ५६ | दाना उद्योग | १५०० | | |
| ५७ | तारजालि बनाउने उद्योग | १५०० | | |
| ५८ | कृषि व्यवसाय (बंगुर, माछा, भैसि तथा गाई पालन) | १००० | | |
| ५९ | निजि कलेज | १०००० | | |
| ६० | ब्लक उद्योग | २५०० | | |
| ६१ | ग्यास डीपो | १००० | | |
| ६२ | कोल्डस्टोर (शितभण्डार) | २५०० | | |
| ६३ | सल्लाको खोटो संकलन (प्रति के.जि. रु ) | ५ | | |
| ६४ | भैसी निकासि कर प्रति भैसि रु | २५० | | |
| ६५ | बाखा/खसि/बोकानिकासि कर(प्रति गोटा) | रु २५ | | |
| ६६ | भेडा निकासि कर (प्रति भेडा) | रु २५ | | |
| ६७ | जनरल स्टोर | रु ३०००। | २०००। | १०००। |

नोटः

१. यसमा डिलर, एजेन्ट, डीपो, सब डीलर आदि बाहेक अन्य पसल, उद्योग व्यवसायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवसाय गरेको छ भने प्रत्येक आईटमको २५ प्रतिशत थप व्यवसाय कर लिईने छ
२. म्याद भित्र नबुझाउने कुनै पनि करदाता बाट बुझाउनु पर्ने सम्पुर्ण व्यवसायकर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसाय कर असुल गरिनेछ ।
३. जडीबुटी, कृषि उपज तथा फलफुल निकासि कर गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम लीईनेछ ।
४. व्यवसाय नविकरण, नामसारी, ठाउँसारी, करोबार थप र नाम परिवर्तन गर्दा व्यवसाय दर्ता शुल्कको ५० प्रतिशत शुल्क लिइने ।
५. आर्थिक ऐनमा उल्लेखित व्यवसाय भन्दा फरक प्रकृतिको व्यवसाय दर्ता गर्नुपरेमा गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

## अनुसूची-५

## विज्ञापन कर

विज्ञापनकर उठाउनको लागि देहाय अनुसार दररेट निर्धारण गरी विज्ञापन कर लिइने छ ।



भैरव बहादुर साउँद
अध्यक्ष

CamScanner

क) होडीङ बोर्ड प्रति वर्गफीट रु ७५

ख) भित्तेलेखन/सटर पेन्टिङ प्रति वर्गफिट रु ३०

अनुसूची-६

मनोरन्जन कर

मनोरञ्जन कार्यक्रम सञ्चालन गर्ने सञ्चालकसँग गाउँपालिका र सञ्चालक बिच आपसि समझदारीमा मनोरन्जन कर लिईने छ ।

अनुसूची ७

बहाल विटौरी शुल्कको दर:

गाउंपालिकाले आफुले निर्माण रेखदेख वा संचालन गरेको हाट बजार सार्वजनिक स्थल,बाटो छेउ ऐलानी जग्गामा अस्थायी रुपमा पसल राख्न मासिक प्रति वर्ग फीट रु.

अ) टोकरी पसल रु.५।-

आ) साग सब्जी र फलफूल पसल रु. १०

इ) पकौडा,समोसा,जेरी,पानीपुरी आदि जस्ता पसल रु. २०

ई) माछा,मासु पसल रु. २५।-

उ) अन्य पसल रु. १५।-

अनुसूची ८

पार्किङ्ग तथा प्रवेश शुल्कको दर:

पार्किङ शुल्क निम्न अनुसार लिईने छ ।

क) गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे बाफत बस, ट्रक, आदिमा एक पटकका लागि रु ३००। जिप, भ्यान तथा अटो रु २०० र मोटर साईकल तथा स्कुटरका लागि रु १०० पार्किङ शुल्क लिइने छ ।

अनुसूची-९

सेवा शुल्क दस्तुर

१. **घर निर्माण नक्सापास दस्तुर:** घर निर्माण नक्सा पास दस्तुर निम्न अनुसार लिइने छ ।

| क.स. | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|



भैरव बहादुर साउँद

अध्यक्ष

बुढीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडगाउँ, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १ | निवेदन दस्तुर | ५०० । | |
| २ | ढलान गरि निर्माण गरीने घर ( प्रति वर्ग फिट रु) | ५ । | |
| ३ | ढलान नगरि निर्माण गरिने घर (प्रति वर्ग फिट रु) | २ । | |
| ४ | माटोको जडान गरि निर्माण गरिने घर (प्रति वर्ग फिट रु) | १ । | |
| ५ | नक्सा नामसारी तथा नविकरण वाफत प्रत्येक पटक रु | ५०० । | |
| ६ | नक्सापास सम्बन्धी कार्य सम्पन्न प्रमाणपत्रको रु | ५०० । | |
| ७ | नक्सा पास प्रतिलिपि दस्तुर रु | २५० । | |
| ८ | घर नक्सापास अभिलेखीकरण दस्तुर (प्रति वर्ग फिट) | १० । | |

२ **चारकिल्ला प्रमाणित दस्तुरः** चारकिल्ला प्रमाणीत सिफारिस दिदा प्रति कित्ता निम्न बमोजिम क्षेत्रफल भएको जग्गाहरुमा निम्न बमोजिम सेवा शुल्क लिईनेछ ।

| सि.न. | विवरण | रु |
|---|---|---|
| १ | आधा रोपनि सम्मको जग्गाको | १०० |
| २ | एक रोपनि सम्मको जग्गाको | २०० |
| ३ | एक रोपनि भन्दा बढी ५ रोपनि सम्मको | ३०० |
| ४ | ५ रोपनि भन्दा बढी १० रोपनि सम्मको | ५०० |
| ५ | १० रोपनि भन्दा बढी जतिकुकै भएपनि | १००० |

३ **निवेदन दस्तुरः** कुनैपनि साधारण निवेदनहरुमा निवेदन दस्तुर लिईने छैन ।

४ यस गाउँपालिकामा कर, दस्तुर, महशुल आदि बुझाएको भनि लिएको प्रमाणपत्रहरु हराएमा रु १०० लिई अर्को प्रतिलिपि प्रमाणपत्र लिइनेछ ।

५ **सेवा शुल्क सिफारिस दस्तुरः** यस गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुबाट उपलब्ध गराउने सिफारिसहरुको निम्न बमोजिम निवेदन दस्तुर र सिफारिस दस्तुर लिईने छ ।

| सि.न. | विवरण | सिफारिस दस्तुर रु |
|---|---|---|
| १ | नाता प्रमाणित | २०० |
| २ | धारा/विजुलि मिटर सिफारिस | २०० |
| ३ | नाम, थर आदि सच्याउने | २०० |
| ४ | जग्गा/मोही नामसारी/जग्गा दर्ता/गुठी/रैकर आदि | २०० |
| ५ | जग्गा खरिद विक्रिमा घर बाटो प्रमाणीत<br>➢ गोरेटो बाटो प्रमाणित रु २००।<br>➢ कच्चि मोटर बाटो प्रमाणित रु २००।<br>➢ ग्रोबेल मोटर बाटो प्रमाणीत रु ३००।<br>➢ कालोपत्रे मोटर बाटो प्रमाणीत रु ५००। | |
| ६ | अन्य कच्चि बाटो भएको छ भनी गरिने सीफारिस | २०० |



भैरव बहादुर साउँद
अध्यक्ष

| | | |
|---|---|---|
| ७ | आयस्रोत प्रमाणीतको सिफारिसमा बार्षिक आयको हिसावले | प्रमाणीत रकमको ०.२ प्रतिशत |
| ८ | योजना सम्झौता,रनिङबिल, अन्तिमबिल भुक्तानिखाता सञ्चालन सिफारिस | २०० |
| ९ | सहकारी संस्थाहरु नविकरण | १००० |
| १० | पत्रपत्रिका सुचिकृत | १००० |
| ११ | बन काठको राजश्व निकासि | जम्मा आम्दानिको १०% |
| १२ | राष्ट्रिय परिचयपत्र तथा नागरिकताको सिफारिस | १००।०० |
| १३ | राष्ट्रिय परिचयपत्र तथा नागरिकताको प्रतिलिपि सिफारिस | १००। |
| १४ | घर जग्गाको नामसारी सीफारिस | ३०० |
| १५ | मोही लगत कट्टा सिफारीस | १०० |
| १६ | घर कायम सीफारिस | १५० |
| १७ | घर पातल सीफारिस | २०० |
| १८ | अस्थायी/स्थायी बसोवास सिफारिस | १०० |
| १९ | आर्थीक अवस्था सम्पन्न वा वलियो सीफारिस | ५०० |
| २० | जिवित रहेको सिफारिस | १०० |
| २१ | दुवै नाम गरेको व्यक्ती एउटै हो भनि गरिने सीफारिस | १०० |
| २२ | फरक फरक जन्ममिति एउटै भएको सिफारिस | १०० |
| २३ | जग्गा/सम्पत्ति मूल्याङ्न सिफारिस | मुल्याङ्कन गरिएको रकम को ०.२ प्रतिशत |
| २४ | गाउँपालिका बाहीर व्यवसाय बन्द, व्यवसाय दर्ता, कारोवार थप,व्यवसाय नविकरको सिफारिस दस्तुर | २०० |
| २५ | नावालक सिफारिस दस्तुर | निशुल्क |
| २६ | चौपाया सम्वन्धि सीफारिस | १०० |
| २७ | उद्योग ठाउँसारी सिफारिस | ५०० |
| २८ | आन्तरिक बसाईसराई | १०० |
| २९ | विद्यालय संचालन स्वीकृत/कक्षा बृद्धि | ५०० |
| ३० | व्यक्तिगत विवरण सीफारिस | १०० |
| ३१ | जग्गा दर्ता सिफारिस | १०० |
| ३२ | संरक्षण सिफारिस व्यक्तिगत | १०० |
| ३३ | संरक्षण सिफारिस संस्थागत | २०० |
| ३४ | अन्य प्रमाणित सिफारिस | १०० |
| ३५ | पशुसेवा शाखा तथा वडामा रहेका पशुसेवा सम्पर्क केन्द्र मार्फत प्रदान गरिने सेवा मा नाम दर्ता शुल्क | २० |
| ३६ | गोवर परिक्षण दस्तुर | २० |
| ३७ | शव परिक्षण गाई /भैसी | २५ |



**भैरव बहादुर साउँद**
**अध्यक्ष**

CamScanner

| | | |
|---|---|---|
| ३८ | शव परिक्षण भेडा/बाखा | २० |
| ३९ | शव परिक्षण अन्य | ५० |
| ४० | पशुबन्ध्याकरण शुल्क<br>➢ राँगो साँडे प्रति पशु दस्तुर<br>➢ बोका प्रति पशु दस्तुर<br>➢ कुकुर, बिरालो, बंगुर दस्तुर | १००<br>५०<br>२५ |
| ४१ | कृतिम गर्भाधान प्रति पशु दस्तुर | १०० |
| ४२ | जग्गाधनि पुर्जा हराएको सीफारिस | २०० |
| ४३ | प्रदेश र संघ अन्तर्गतका योजनाहरुको इस्टिमेट, सम्झौता र भुक्तानि सिफारिस | ५००।०० |
| ४४ | गिटी बालुवा प्रति टेक्टर | २००।०० |
| ४५ | गिटी बालुवा मिनि टिप्पर | ५००।०० |
| ४६ | गिटि बालुवा ठूलो टिप्पर | ८००।०० |
| ४७ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछी | २००।०० |
| ४८ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रतिलिपी शुल्क | ५००।०० |
| ४९ | गाउँपालिकाको सभाहल भाडा प्रतिदिन | १५००।०० |
| ५० | गैर सरकारी संस्थाको नविकरणका लागि सिफारिस | १०००।०० |
| ५१ | अन्य सहकारी संस्थाहरुको दर्ता | २५००।०० |
| ५२ | सहकारी संस्थाहरुको सिफारिस | ५००।०० |
| ५३ | प्रा.लि. कम्पनि दर्ताको सिफारिस | ५००।०० |
| ५४ | प्रा.लि. कम्पनि नवीकरणको सिफारिस | ३००।०० |
| ५५ | राष्ट्रिय वनको ढुङ्गा गिटी ढुवानी बापत प्रति घनमिटर | ५०।०० |
| ५६ | प्रोजेक्टर / क्यामरा/ डीजे/इनभटर भाडा प्रतिदिन | १०००।०० |
| ५७ | महिला समूह, आमा समूह, कृषक समूह दर्ताको लागि | १००० |
| ५८ | महिला समूह ,आमा समुह, कृषक समूह, कृषि फर्म,पशु फर्म नविकरण, नाम परिबर्तन शुल्क | ५००। |
| ५९ | वडा कार्यालयमा हल प्रयोग गरेबापत प्रति दिन | ५००।०० |
| ६० | अस्थाई करार शिक्षकको म्याद थपको लागि | कुल जम्माको ५०% |
| ६१ | कृषि तथा पशुपन्छी फर्म दर्ता | १०००।०० |
| ६२ | अनुदान आवेदन सिफारिस दस्तुर | ५००। |
| ६३ | कृषि तथा पशु फर्म दर्ता, नविकरण सिफारिस | २००।०० |
| ६४ | आधिकारी भरुवा बन्दुक सिफारिस नविकर | १५००।०० |
| ६५ | मालपोत रसिदको प्रतिलिपि शुल्क | १०० |
| ६६ | पुराना बोतलहरु | १० पैसा |



भैरव बहादुर साउँद
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| ६७ | कवाड संकल प्रति के जि | २० पैसा |
| ६८ | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि शुल्क | ५००। |
| ६९ | कक्षा ८ को ग्रेड सिट र सर्टिफिकेटको प्रतिलिपि शुल्क रु | २५०। |
| ७० | फर्म सूचिकृत शुल्क रु( १ लाख भन्दा माथिको कारोबार गर्ने फर्मको लागी) | १०००। |
| ७१ | फर्म सूचिकृत शुल्क रु( १ लाख भन्दा कमको कारोबार गर्ने फर्मको लागी) | ५००। |
| ७२ | घुमन्ते व्यापारी (टाउकोमा बोकी खुद्रा, कपडा तथा भाडा कुडा व्यापार गर्ने व्यापारी ) | २५० प्रतिपटक |
| ७३ | गाडीमा ल्याई व्यापार गर्ने (रेटलिङ् व्यापारी) ( किराना, कपडा, तथा मदिरा बाहेका अन्य वैध सामाग्री) | १०००। प्रतिपटक |
| ७४ | गाडीमा ल्याई व्यापार गर्ने (रेटलिङ् व्यापारी) ( मदिरा जन्य वस्तु) | २५००। प्रतिपटक |
| ७५ | संघ तथा प्रदेश अन्तर्गतका योजना मागको सिफारिस रु | २००। |
| ७६ | जडीबुटी विक्रिवितरण तथा ढुवानी निकासी, सिफारिस कर ( ५ क्विइन्टल भन्दा कम भएको) | २००० |
| ७७ | जडीबुटी विक्रिवितरण तथा ढुवानी निकासी, सिफारिस कर ( ५ क्विइन्टल भन्दा माथि भएमा) | ४०००। |
| ७८ | खानेपानि मुहान दर्ता शुल्क रु | ५००। |
| ७९ | खानेपानि मुहान दर्ता नविकरण शुल्क रु | १००। |
| ८० | खोटो संकलनको EIA/IEE सिफारिस रु | १०००। |

नोटः १. विपन्नता तथा असक्त, स्वास्थ्य उपचार, दैविप्रकोप र जेष्ठ नागरिक भत्ता, छात्रवृतिको लागि गरिने मन्जुरिनामाको सिफारिस, विपन्नता सिफारिस, आर्थिक अवस्था कमजोर आदि सिफारिसमा सिफारिस दस्तुर छुट दिईनेछ ।

२. यस गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुबाट सम्पति मूल्याङ्न र आयश्रोत प्रमाणित सिफारिस बाहेक अन्य सिफारिसमा अंग्रेजिबाट दिदा तोकिएको सिफारिस दस्तुरमा थप सत प्रतिशत दस्तुर लिइनेछ ।

३. यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐन सँग नबाझिने गरी प्रति सिफारिस रु २०० लाग्नेछ र यस ऐन सँग नबाझिने गरी कार्यपालिकाबाट निर्णय गरिय बमोजिम पनि हुनेछ ।

## अनुसूची- १०

### सवारी साधन करः

सवारी साधनमा देहाय बमोजिम दर्ता तथा नविकरण शुल्क लाग्नेछः



भैरव बहादुर साउँद
अध्यक्ष

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

| क. स. | सवारी साधनको प्रकार | दर्ता | नविकरण | नविकरण अवधि |
|---|---|---|---|---|
| १ | टागा | १००० | ५०० | प्रत्येक वर्ष नविकरण गर्नु पर्ने छ । |
| २ | रिक्सा | १२०० | ५०० | प्रत्येक वर्ष नविकरण गर्नु पर्ने छ । |
| ३ | अटो रिक्सा | १०००। | ५००। | प्रत्येक वर्ष नविकरण गर्नु पर्ने छ । |
| ४ | ई-रिक्सा | १००० | ५००। | प्रत्येक वर्ष नविकरण गर्नु पर्ने छ । |

**सार्वजनिक शौचालयः** निजि क्षेत्रसँग साझेदारी माध्यमबाट शुल्क निर्धारण गरी सञ्चालन गरिने छ ।

## अनुसुची – ११
## प्राकृतिक स्रोत शुल्क
### सुदुरपश्चिम प्रदेश सरकारले तोके बमोजिम दर रेट

| क.स. | विवरण | इकाई | न्यूनतम दर |
|---|---|---|---|
| १. | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, स्लेट, चिप्स, चट्टान र रोडा | प्रति घन फिट | रु. ४ |
| २. | माटो ( भटौरा, बलौट र इट्टा वा ब्लक बनाउने माटो समेत स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घन फिट | रु. ३ |

**नोटः-** अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## अन्य व्यवस्था

**१) गाउँपालिका अन्तर्गतका स्काभेटर, व्याकोलोडर, टयाक्टर, पानि टयाङ्किहरुको भाडा देहाय अनुसार हुनेछ।**

| क.स. | विवरण | कर रकम रु | कैफियत |
|---|---|---|---|
| १ | स्काभेटर भाडा प्रतिघण्टार (इन्धन बाहेक) रु | ३०००। | |
| २ | ब्याकोलोडर भाडा प्रतिघण्टार (इन्धन बाहेक) रु | १३००। | |
| ३ | ब्रेकर भाडा थप प्रतिघण्टार (इन्धन बाहेक) रु | ५००। | |
| ४ | टयाक्टर भाडा प्रति दिन (इन्धन बाहेक) रु | ४०००। | |
| ५ | पानि बोक्ने टयाङ्कर भाडा प्रति दिन रु | १५००। | |



**भैरव बहादुर साउँद**
**अध्यक्ष**

CamScanner

बुढीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडुवाली, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

२) **सामुदायिक बनबाट प्राप्त आयः** यस क्षेत्रभित्रका सामुदायिक वनका उपभोक्ता समितिले आफ्नो सामुदायिक पैदावारको बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत यस गाउंपालिकाको संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

सामुदायिक वन उपभोक्ता समूहहरुले आफ्नो उपभोक्ता बाहेक अन्य व्यापारिहरुलाई ठेक्का, कोटेशन वा अन्यकुनै पनी तरिकाले सामुदायिक बनको काठ बिक्रि गर्दा काठको सदर मूल्यको १० प्रतिशत रकम गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

आज्ञाले
शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

भैरव बहादुर साउँद
अध्यक्ष



CamScanner